**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**चौरजहारी नगरपालिका**

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : ६ मिति : २०७९/०३/३१

**भाग-२**

**चौरजहारी नगरपालिका**

**प्रमाणित मिति :-** २०७९/०३/३१

## चौरजहारी नगरपालिकाको शिक्षक र विद्यालय कर्मचारी कामकाजमा खटाउने सम्बन्धी कार्यविधि, २०७९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) र चौरजहारी नगरपालिकाको नगर शिक्षा ऐन, २०७४ को दफा ४५ र चौरजहारी नगरपालिका शिक्षा नियमावली, २०७४ को नियम ५९ को अधिनमा रही चौरजहारी नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, विद्यालय कर्मचारी तथा बालविकास केन्द्रका सहजकर्ताहरूलाई कामकाजमा खटाइ शिक्षक व्यवस्थापन गर्न चौरजहारी नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ।

१. **सङ्क्षिप्त नाम, प्रारम्भ र प्रयोग** : (क) यो कार्यविधिको नाम **'चौरजहारी नगरपालिको शिक्षक तथा विद्यालय कर्मचारी कामकाजमा खटाउने सम्बन्धी कार्यविधि, २०७९'** रहेको छ।

(ख) यो कार्यविधि चौरजहारी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरू तथा बालविकास केन्द्रहरूमा सबै प्रकारका शिक्षकलाई कामकाजमा खटाइ शिक्षक व्यवस्थापन गर्ने प्रयोजनमा लागू हुनेछ।

चौरजहारी नगरपालिका

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(घ) यो कार्यविधि सामुदायिक विद्यालयका विद्यालय सहयोगी, विद्यालय सहायक, बालविकास सहजकर्ता, प्राथमिक तहदेखि माध्यमिक तहसम्मका स्वीकृत दरबन्दी, स्थायी, करार, राहत, अनुदान कोटामा कार्यरत शिक्षक कर्मचारीहरूलाई  कामकाजमा खटाइ शिक्षक व्यवस्थापनका लागि प्रयोग हुनेछ ।

**२. परिभाषा**

(क) 'ऐन' भन्नाले चौरजहारी नगरपालिकाको शिक्षा ऐन, २०७४  सम्झनुपर्छ ।

(ख) 'नियमावली' भन्नाले चौरजहारी नगरपालिकाको शिक्षा नियमावली, २०७४ सम्झनुपर्छ ।

(ग) 'शिक्षा शाखा' भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(घ) 'कार्यविधि' भन्नाले शिक्षक तथा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ सम्झनुपर्छ ।

३. **शिक्षक व्यवस्थापनका लागि कामकाजमा खटाउने आधारहरू** : (१) नगरपालिका क्षेत्रभित्र एक विद्यालयबाट अर्को विद्यालयमा तह र विषय मिल्ने भएमा मात्र  नगर शिक्षा समितिको निर्णयअनुसार अर्को विद्यालयमा समयावधि तोकेर वा नतोकेर शिक्षकलाई कामकाजमा खटाउन सकिनेछ ।

(२) तोकिएको जिम्मेवारी तोकिएको समयभित्र पूरा नगरेको भनि सम्बन्धित विद्यालय व्यवस्थापन समितिले सिफारिस गर्नुपर्ने छ ।

(३) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक र दरबन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा शिक्षक सरुवा गरी सम्बन्धित निकायमा जानकारी गर्नुपर्ने छ ।

(४) विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्थामा नगरपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गर्नुपर्नेछ ।

(५) नैतिक आचारण तथा निजको व्यक्तिगत अनुशासन लगातयका कारणबाट कुनै शिक्षक कर्मचारीलाई सो विद्यालयमा राखिरहदा विद्यालयको शैक्षिक वातावरण खलल परेको वा

खलल पर्न सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भइ आएमा शिक्षकलाई कामकाजमा खटाउन सकिनेछ।

(६) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा पनि कामकाजमा खटाइ शिक्षक व्यवस्थापन गर्न सकिनेछ।

(७) शिक्षक कर्मचारीलाई कामकाजमा खटाउदा पति, पत्नी दुबै शिक्षक वा कर्मचारी रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी प्राथमिकता दिइनेछ।

(८) विद्यालय समायोजन, तह तथा कक्षा घटुवा भइ उक्त विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी अन्यत्र व्यवस्थापन गर्नुपरेमा दरबन्दी रिक्त रेहका वा थपिएका विद्यालयहरूको दरबन्दी विवरण तयार गरी व्यवस्थापन गर्नुपर्ने शिक्षक कर्मचारीहरूको स्थायी नियुक्ति मितिको आधारमा सेवा अवधि गणना हुनेगरी जेष्ठता क्रम कायम गरी सोअनुसार छनोट गर्न लगाइ व्यवस्थापन गरिनेछ।

(९) १५ दिनभन्दा बढी बिदा स्वीकृत नगराइ विद्यालयमा अनुपस्थित रहेको र पटकपटक जिम्मेवारी निर्वाहमा लापरवाही गरेको भनि विद्यालय व्यवस्थापन समितिबाट लेखी आएमा त्यस्ता शिक्षक कर्मचारीलाई अन्यत्र सरुवा गरी नियमानुसार विभागीय कारवाही समेत गरिनेछ।

(१०) सरुवा वा शिक्षक कर्मचारी व्यवस्थापन गर्दा अपाङ्गता भएका शिक्षक र महिलालाई निजको स्थायी ठेगानाको आधारमा घर पायक पर्ने स्थानमा कामकाजमा खटाइ व्यवस्थापन गर्न प्राथमिकता दिइनेछ।

(११) शिक्षकको माग अनुसार कामकाजमा खटाउदा एउटै विद्यालयमा धेरै शिक्षकको माग दावी रहेमा लामो अवधिसम्म एकै विद्यालयमा बसेका र सम्बन्धित विद्यालय व्यवस्थापन समितिको सहमति अनुमति भएका शिक्षकलाई पहिलो प्राथमिकता दिइनेछ।

(१२) शिक्षक र विद्यालयको सहमति वेगर पनि नगरपालिका भित्रका विद्यालयहरूमा एक वर्षभन्दा बढी समय एउटै विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरूलाई देहायको अवस्थामा नगर शिक्षा समितिको निर्णयअनुसार कामकाजमा खटाइ शिक्षक व्यवस्थापन गर्न सक्नेछ :

(क) तह, विषय र दरबन्दी मिल्नुका साथै विद्यालयको शैक्षिक अवस्था सुधारका लागि कार्य क्षमता राम्रो भइ अर्को विद्यायलमा कामकाज गर्न खटाउदा खटाइएको विद्यालयको शैक्षिक अवस्था सुधार हुने देखिएमा,

(ख) कुनै विद्यालयमा दरबन्दी रिक्त हुदा तत्काल पदपूर्ति हुन नसक्ने अवस्था देखिएमा विद्यालयमा अध्यापनरत शिक्षकको अवस्था आँकलन गरी रिक्त दरबन्दी भएको विद्यालयमा अर्को व्यवस्था नहुदासम्म नगर शिक्षा समितिले कामकाजमा खटाउन मनासिब देखेमा,

(ग) मिल्दो विषयमा एउटै विद्यालयमा कम्तिमा एक वर्षभन्दा बढी समयदेखि अध्यापन गर्दै आएका शिक्षकहरूबीच परस्पर कामकाजमा खटाउदा शैक्षिक अवस्था सुधार हुने देखिएमा,

(घ) समयमा विद्यालयमा उपस्थित नभएमा,

(ङ) बिना जानकारी पटकपटक बिदामा बसेमा,

(च) विद्यालयको गोप्य सूचना अनाधिकृत रुपमा बाहिर दिएमा,

(छ) प्रधानाध्यापक, व्यवस्थापन समितिले दिएको आज्ञा पालना नगरेमा,

(ज) विद्यालयको काम र जिम्मेवारीलाई प्राथमिकता नदिइ समयमै काम सम्पन्न नगरेमा,

(झ) समाजमा विभाजन ल्याउने गरी राजनीतिमा सक्रिय रहेमा, निर्वाचनमा भाग लिएमा वा चुनाव प्रचारप्रसारमा संलग्न रहेमा,

(१३) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक, अनिवार्य अवकाश हुन एक वर्ष वा सोभन्दा कम अवधि बाँकी रहेको शिक्षक कर्मचारीलाई निजको इच्छा विपरीत एक विद्यालयबाट अर्को विद्यालयमा कामकाजमा खटाइने छैन।

(१४) कामकाजमा खटाइएको एक्काइ दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षक वा कर्मचारीलाई रमानापत्र दिइ सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा शाखालाई दिनुपर्नेछ।

४. **कामकाजमा खटाउने प्रक्रिया :** (१) शिक्षक व्यवस्थापन अन्तर्गत अर्को विद्यालयमा कामकाजमा खटिन चाहने शिक्षक कर्मचारीले खटाइनु पर्ने कारण खुलाइ नियुक्ति पत्र, नियुक्ति भएको विषय, अध्यापनरत विषय, शैक्षिक योग्यता, उमेर तथा हाल कार्यरत विद्यालयमा कार्य गरेको सेवा अवधि समेत खुल्ने गरी हाल कार्यरत विद्यालयको सहमति पत्र सहित शिक्षा शाखामा निवेदन दिनुपर्नेछ।

(२) नगर शिक्षा शाखामा पेस भएका निवेदनहरू शिक्षा शाखाको अभिलेखसँग भिडाइ रुजु गरी नगर प्रमुख समक्ष पेस गर्नुपर्नेछ।

(३) शिक्षक कामकाजमा खटाउने कार्यविधि र प्रक्रिया पूरा भइ पेस भएका निवेदनहरू नगर प्रमुखको निर्देशनमा नगर शिक्षा समितिको बैठकमा आवश्यक निर्णयार्थ पेस गरिनेछ। शिक्षक व्यवस्थापन अन्तर्गत कामकाजमा खटाउने वा नखटाउने अन्तिम अधिकार नगर शिक्षा समितिमा निहित रहनेछ।

(४) नगर शिक्षा समितिमा शिक्षकलाई कामकाजमा खटाउने उपरको प्रस्तावमा मत बाझिएमा बहुमतको आधारमा निर्णय हुनेछ।

(५) नगर शिक्षा समितिमा कामकाजमा खटाउने निर्णय भए पश्चात् नगर शिक्षा शाखाले कामकाजमा खटाएका शिक्षकलाई कामकाजमा खटाएको पत्र उपलब्ध गराउनुपर्नेछ।

५. **दरबन्दी मिलान** : (१) नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा शिक्षक, कर्मचारी र बालविकास तर्फका स्वीकृत, राहत अनुदान तथा करार दरबन्दीको वितरण, पुर्नवितरण, व्यवस्थापन तथा मिलानको लागि नगर शिक्षा समितिले कार्यदल गठन गरी कार्यदलको सुझाव समेतको आधारमा दरबन्दी मिलान सम्बन्धी उपयुक्त निर्णय गर्न सक्नेछ।

**(**२**)** उक्त दरबन्दी मिलान सम्बन्धी निर्णय नगर कार्यपालिकामा अनुमोदनको लागि पेस गर्नुपर्नेछ।

६. **बाझिएमा हुने** : यो कार्यविधि प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

७. **व्याख्या :** यो कार्यविधिको प्रयोगमा द्विविधमा उत्पन्न भएमा चौरजहारी नगरपालिका नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ।

| |
|---|
| आज्ञाले,<br>शेरप्रसाद ढकाल<br>नि. प्रमुख प्रशासकीय अधिकृत |

चौरजहारी नगरपालिका